# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-७ | २०७५ भदौ १३ गते बुधबार | 29 Aug 2018 Wednesday | मूल्य रू. १०/-

पदिय दायित्व पुरा नगर्नु भनेको समाज र राष्ट्रको लागि धोका हो ।

नेपाल सरकार
सुचना तथा संचार मन्त्रालय
सुचना बिभाग

# स्वर्गको एक टुक्रा त्रिवेणी पाटन

**मिसन न्यूज**

**कालिकोट-**त्रिवेणी पाटन पश्चिम नेपालकै स्वर्ग जस्तै सुन्दर मानिन्छ। मध्य तथा सुदुरपश्चिममा रहेका सयौं पाटनहरु मध्यकै स्वर्ग जस्तै मानिने त्रिवेणी पाटन हो। सान्नी त्रिवेणी गाउँपालिका मुम्राको लेकाली क्षेत्रमा रहेको त्रिवेणी पाटनमा सयौं पर्यटकहरुको चहलपहल हुने गरेको छ। प्रायः सिजनअनुसार नै पर्यटकहरुको त्रिवेणी पाटनमा ओहोरदोहोर हुने गरेको पाइन्छ।

नेपालको पुर्व मेचि देखि पश्चिम महाकाली सम्मका हजारौ थिर्तालु भक्तजनहरु त्रिवेणी पाटन भएर बडिमालीकाको दर्शन गर्ने गरेका छन्। कालिकोट र बाजुराको सिमा क्षेत्रमा रहेको बडिमालिका मन्दिरको दर्शन गर्न एक दिन एक रात त्रिवेणमा वास बसेर भक्तजनहरु जाने गरेका छन्। पाटनबाट तिन वटा मुहान फुटेर तिन वटा खोला बनेपछि तिन खोलाको संगम हुँदा यसको नाम त्रिवेणी राखिएको जानकारहरु बताउँछन्। कर्णालीका, कालिकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पा र सुदुरपश्चिम पहाडका बझाङ, बाजुरा, डोटी, वैतडी र अछामको संगमस्थलको रुपमा त्रिवेणीलाई लिन सकिन्छ। त्रिवेणी क्षेत्रमा पुग्नै गाह्रो छ तर पुगेपछि भने वैरागी मनहरु पनि रोमाञ्चित हुन्छन्। त्रिवेणीको वरिपरि मिलाएर उमारिएका जस्ता लेकाली वन, पानीको कलकल र अलिपरतिर लस्करै उभिएका पाटनले



सान्नी त्रिवेणी गाउँपालिकाको लेकाली क्षेत्रमा रहेको त्रिवेण पापट।

प्रकृतिका अनेक छटाले धार्मिक तथा पर्यटकीय क्षेत्र भनिए पनि त्रिवेणी अत्यान्तै दर्शनीय छ। त्रिवेणी पाटनको जुनसुकै भागमा उभिएर हेर्दा पनि मानिसले मनोहर प्रकृतिको विपुल छटाहरूले घेरिएको पाउँछ। विशाल-विशाल गलैंचा ओछ्याइएका जस्तै लाग्ने ठूला-साना पाटनले घेरिएको त्रिवेण हेर्न आएका आगन्तुकको मननै लोभ्याउछ। त्रिवेणीलाई पृथ्वी-तलको स्वर्ग जस्तै कन्चन बनाएको छ। त्रिवेणीले पश्चिम नेपालको धार्मिक-सांस्कृतिक आयाम निकै थपेको छ। विभिन्न प्रजातिका वनस्पति रहेका छन्। त्रिवेणी क्षेत्रमा एक सय भन्दा धेरै विभिन्न किसिमका फूल फुल्छन् र २ सय भन्दा धेरै किसिमका चराचुरुङ्गीहरु छन् सयौं खाले

बाँकी ८ पृष्ठमा..

## कर्णालीमा प्रहरीका ७ प्रादेशिक कार्यालय

**मिसन न्यूज**

**सुर्खेत –** नेपाल प्रहरीले आफ्ना युनिटहरूलाई प्रादेशिक संरचनामा रूपान्तरण गर्न प्रक्रिया थालेको छ। प्रदेश राजधानी सुर्खेत कायम भएसँगै प्रहरीले यहाँ आफ्ना आधा दर्जन संरचना निर्माण गर्न लागेको हो। क्षेत्रीय अवधारणा अनुसार नेपालगन्जमा रहेका कार्यालयहरू सुर्खेतमा सार्न थालिएको छ। प्रदेश प्रहरी कार्यालय र गण यसअघि नै वीरेन्द्रनगरमा स्थापना भइसकेका छन्।

पूर्वी सुर्खेतको छिन्चुमा कर्णाली ट्राफिक प्रहरी कार्यालय, प्रहरी तालिम केन्द्र र नेपाल प्रहरी आवासीय माध्यमिक विद्यालय स्थापना गरिनेछ। ट्राफिक कार्यालय कोहलपुरबाट र तालिम केन्द्र नेपालगन्जबाट स्थानान्तरण हुनेछन्। विद्यालय नयाँ स्थापना हुन लागेको हो। प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) मोहन आचार्यले आवश्यक संरचनाका लागि जग्गा खोजी गर्ने काम भइरहेको बताए। उनका अनुसार तत्काललाई जिल्ला ट्राफिक कार्यालयबाटै प्रदेश ट्राफिक कार्यालय सञ्चालन गरिनेछ। नेपालगन्जमा रहेका


बाँकी ८ पृष्ठमा..

# मोल्फामा भीषण पहिरो, १०७ घर उच्च जोखिममा

**मिसन न्यूज**

**कालिकोट-**जिल्लाको खाँडाचक्र नगरपालिका-५ मोल्फामा भीषण पहिरो जाँदा स्थानीयका १ सय ७ घर जोखिममा परेका छन्। एक महिनादेखि आएको अविरल वर्षासँगै मोल्फामा आएको पहिरोले घोडेना र मोफा बजारका गरी एक सय ७ घर उच्च जोखिममा परेका हुन्।

सोमबार बिहान करिब २ बजेतिर आएको पहिरोले स्थानीय सबैलाई त्रसित बनाएर गाउँ छाड्नुका साथै बिचल्ली बनाएको छ। खाँडाचक्र नगरपालिका-६ का वडाध्यक्ष जगदीश शाहीले घोडेना गाउँको छेउबाट खसेको पहिरोले कर्णाली





राजमार्गसँग जोडिएको मौल्फा बजारका ५१ घर र घोडेनाका ५६ घर उच्च जोखिममा परेको बताए। उनले घोडेनाको छेउमा गएको पहिरोले स्थानीय पदमबहादुर शाहीको पूरै घर भासि दिएकाले उनीहरूको बिचल्ली भएको बताए। उनका अनुसार घोडेनाको गाउँको तलतिरबाट निरन्तर पहिरो खस्दा पूरै गाउँ जोखिममा परेको हो। उनले त्यसै पहिरोका कारण कर्णाली राजमार्गसँग जोडिएको मोल्फा बजारवासीको पनि भागाभाग भएको बताए। उनले भने, 'घोडेना गाउँको तलतिरको भाग पूरै भासिएको छ। स्थानीय पदमबहादुर शाहीको घर त पहिरोमा बगेको छ।' उनले पानीको मुहानसहितको पहिरोले माथि घोडेना र तल मोल्फाको बजार नै जोखिममा परेकाले स्थानीय गाउँ छाड्न बाध्य भएको बताए।

स्थानीय कमल चौलागाईले ०६५ सालमा त्यसै ठाउँमा आएको पहिरोले ६ घर बगाएको जानकारी दिँदै पुनः त्यसै पहिरो दोहोरिएको बताए। उनले त्यतिबेला पहिरो आउँदा रोकथामका लागि कतिपय ठाउँमा ग्याबिन लगाएर घर निर्माण गरिए पनि अहिले पूरै गाउँ भासिने अवस्था आएको बताए। उनले भने, १० वर्षअघि

बाँकी ८ पृष्ठमा..

# इच्छाशक्ति भए सम्भव छ कर्णालीको समृद्धि



नगिन्द्र शाही ( नेशनल )

नेपालको इतिहासमा कुनैबेला स्वर्णिम राज्य भनेर चिनिने तत्कालीन जुम्ला राज्य विसं १८४६ पछि जब आधुनिक नेपाल निमार्णको अभियानमा तत्कालीन गोर्खाका राजकुमार बहादुर शाहले जुम्लालाई एकीकरण गरी नेपालको एक अगंको रुपमा स्थापित गर्न सफल भएका थिए । नेपालमा एकीकरण हुनुपूर्व सबै बाइसे चौबीसे राज्यहरुमध्येकै सबैभन्दा शक्तिशाली राज्यका रुपमा स्थापित थियो, जुम्ला राज्य, जुन अहिलेको कर्णाली प्रदेशको अधिकांश भूगोल हो ।

सामन्ती राज्यव्यवस्थामा आधारित तत्कालीन सबै राज्यहरुको तुलनामा विकसित तत्कालीन कर्णाली राज्य नेपाल एकीकरण पश्चात आधुनिक नेपाल निमार्णको गति पक्कड्न सकेन । झन्डै २५२ बर्ष लामो अवधिको शाह शासनदेखि १०४ बर्ष लामो राणा शासन होस् वा त्यसपछिको प्रजातान्त्रिक शासन व्यवस्थामा होस्, हालको कर्णाली प्रदेशको भूगोलमा बसोवास गर्ने जनताको जीवन स्तरमा खासै उल्लेखनीय परिवर्तन हुन सकेन । रोग, भोक, अशिक्षा र गरीवी यो क्षेत्रका बासिन्दाको प्रायः दैनिकी बनिरहयो । शासन सत्तामा आसीन शासकका अनुहारहरु समय(समयमा परिवर्तन भइरहे । विडम्वना नीति नियम, कानुन र शासन पद्दतिहरुमा परिवर्तन हुन सकेन । कर्णालीका निम्ति सिंहदरवार सधैं दुर्गम भयो । कर्णालीवासीको कहर कहिल्यै मेटिएन । यो यथार्थ जो कोही कर्णाली बुझ्ने, पढ्ने र भोग्नेहरुलाई अवगत छ । आधुनिक नेपाललाई बोल्ने भाषादेखि संस्कार र संस्कृति दिन सफल कर्णाली विगतको एकात्मक शासन व्यवस्थाको नजरमा प्राथमिकताको केन्द्र बन्न सकेन र सधैं कर्णालीबासी राज्यका निम्ति दयामायाका पात्र बने, अधिकार दिनुपर्ने नागरिक बन्न सकेनन् । यो कर्णालीको विगतको विडम्वना हो । तर, नेपालको संविधान ०७२ को घोषणा पछि र तीन तहका निवार्चनको सफलतापछि धेरै विषयहरु हल भएका छन् ।

केन्द्र, प्रदेश र स्थानीय तहमा सरकारहरु निर्माण भएका छन् । विगतको केन्द्रीकृत शासन व्यवस्था नीतिगतरुपमै बीकेन्द्रकृत भएको छ । स्थानीय तह र प्रदेश तहमा निर्माण भएका सरकारका कारण विकास निर्माणका निम्ति बजेट माग्नका लागि सिंहदरबारमा देखिने भीड विस्तारै कम हुँदै गइरहेको छ । केही हजारको योजना लिनका लागि लाखौं खर्च गरेर सिंहदरबार धाउने कर्णालीका जनप्रतिनिधिका लागि विगतमा नियति हुन्थ्यो । संघीयता कार्यान्वयनको पहिलो बर्षमै विकास माग्ने कर्णालीका जनप्रतिनिधिको उपस्थितिमा उल्लेखनीय कमी देखिनु यो संघीयता कार्यान्वयनका लागि सकारात्मक कुरा हो । विकास निर्माणका चाहना सबै जनताका हिजोका भन्दा आज बढी छन् । तर, विकास माग्ने संरचनाहरु भने स्थानीय तह र प्रदेश तहमा सरकार निर्माण हुदाँ व्यापक परिवर्तन भएका छन् । कर्णाली प्रदेश नेपालका सबै प्रदेशहरुकको तुलनामा खर्चिलो र उत्पादन कम भएको प्रदेश हो, जुन प्रदेशको भविश्य सुन्दर बनाउन वर्तमान कर्णालीको नेतृत्वले धेरै चुनौतिहरुको चाङ पन्छाउँदै अगाडि बढ्नुपर्ने बाध्यता छ ।

**एकीकृत वस्ती व्यवस्थापन**

कर्णाली प्रदेशमा रहेका १० वटै जिल्लाका केही भूभागबाहेक सबै भूवनौट माटो कम र ढुंगा धेरै भएको छ साथै यो प्रदेशमा कर्णाली, भेरी मूल्य दुई ठूला नदीसहित अथाह खोला नाला भएको प्रदेश हो । ती सानातिना खोलाहरुको जोखिमवाट बच्न जहाँ समथल जमिन छ, त्यहाँ वस्ति बसाउने यो क्षेत्रका वासिन्दाको वाध्यता नै हो । सुरक्षित बासस्थान निमार्ण गर्ने क्रममा यो प्रदेशमा रहेको अधिकांश खेतियोग्य जमिन अहिले घरवासमा परिणत हुँदै आइराखेको छ । जहाँ समथल जमिन र पानीको सुविधा छ, त्यहाँको जमिन घरवासका लागि प्रयोग गर्ने परम्पराले यहाँको बस्ती छरिएको छ । एक गाउँवाट अर्को गाउँ जान दिनभरिको यात्रा गर्नुपर्ने वाध्यता छ । यो प्रदेशको राजधानी सुर्खेत र सबै जिल्लाका सदरमुकाम बाहेक अन्य सबै गाउँ बस्तीहरु छरिएर रहेका छन् । छरिएर बसेका बस्तीहरुमा खाने पानी, यातायात र बिजुली बत्तीको पहुँच पुर्‍याउन गाह्रो मात्रै होइन, कतिपय बस्तीमा असम्भव नै छ । विकास जनतालाई अनुभुति हने गरी गर्ने हो भने, यस क्षेत्रमा छरिएर बसेका बस्तीहरुको व्यवस्थापनमा प्रदेश सरकारले पहिलो ध्यान दिन आवश्यक छ । यसो गर्दा चार घर र २० परिवारलाई बाटो, पानी र बत्तीको सुविधाका निम्ति करोडौं करोडको योजना बनाउने झन्झटबाट मुक्त भइन्छ र कम खर्चमा विनाजोखिम दिगो विकास गर्न सकिन्छ ।

**एकीकृत योजना निर्माण**

प्रदेश र स्थानीय तहमा सरकार निर्माण भएपछि जनतामा विकासको भोक विगतभन्दा झन जागेको छ । विकास निमार्णका योजनाहरु आफ्नै नजिक वितरण भएको देख्दा स्वाभाविक सबैमा आशा पलाउने नै भो । जनताको मागलाई सम्बोधन गर्ने नाममा विनायोजना, विनाआवश्यकता र विनाअनुगमन पैसा वितरण गर्ने परिपाटीको अन्त्य गर्न सक्नुपर्छ । प्रदेश सरकार र स्थानीय सरकारले यो आर्थिक वर्षमा वितरण गरेको विकास बजेटको धेरै भाग अनुत्पादक क्षेत्रमा विनियोजन भएको छ । फोन र अनुहारको भरमा टिपाएका योजनाहरुले माग सम्वोधन हुन्छन् । तर, विकासको आवश्यकता सम्वोधन हुँदैन । दिगो र जीवन्त विकासका निम्ति माग सम्बोधन गर्ने विगतको यो परम्पराको अन्त्य हुन जरुरी छ । वडाको विकासको छलफल गर्दा अन्तर वडालाई ध्यानमा राखी पालिकामा विकासको योजना निर्माण गर्दा अन्तरपालिकाको विकासलाई ध्यान दिने र जिल्लाले योजना बनाउँदा अन्तर जिल्लालाई ध्यानमा राख्ने र प्रदेशले योजना निर्माण गर्दा अन्तर प्रदेशको विकाससँग जोड्ने मोडलमा योजना निर्माण गर्न सक्नुपर्थ्यो । बाहिरी वातावरणलाई ध्यान राखी निर्माण गरिएका योजनाहरुले नै अनन्त कालसम्म जनताको उपभोगको अधिकार सुनिश्चित गर्न सक्छन् । कर्णाली प्रदेशमा विगतमा सञ्चालन गरिएका लगभग सबै योजनाहरुबाट भइरहेका छन् । जुन योजनाहरुमा राज्यको धेरै स्रोत खर्च भइसकेको अवस्था छ । तर, योजना सम्पन्न हुने कुराको ग्यारेन्टी अझैसम्म अन्योलता छ ।

कर्णाली प्रदेश योजना निर्माणको क्षेत्रमा सबै प्रदेशको तुलना अस्त व्यस्त प्रदेश हो । अरु प्रदेशमा निर्माण भएका संरचनाहरु भत्काएर आधुनिक संरचना निर्माण गर्नुपर्ने वाध्यता छ भने कर्णाली प्रदेश योजना निर्माणको क्षेत्रमा पनि भर्जिन छ । विकास निर्माण बनाउने र भत्काउने विषयमा जनतावीच कुनै अन्तरविरोध यो प्रदेशमा छैन । प्रदेश र स्थानीय सरकारलाई आधुनिक प्रदेश निर्माणका निम्ति विनारोकावट एकीकृत योजना निर्माण गर्ने सुविधा यो प्रदेशका जनप्रतिनिधिलाई छ । यो बर्षलाई योजना निमार्णको बर्षका रुपमा लिंदै यहाँका जनप्रतिनिधिले आवश्यक कानुन, ऐनहरु निर्माण गर्ने र आँगनको तरकारी उत्पादन गर्नेदेखि विद्युत उत्पादन गर्नेसम्मका ठूला योजना निर्माणको खाका जनतामा प्रस्तुत गर्न सक्नुपर्छ । जुन योजनाले जनताको मन जितेको हुन्छ, त्यो योजना मात्रै सफल हुन्छ र त्यस योजनाबाट मात्रै जनता लाभान्वित हुन्छन् । जनताको इच्छा विपरीत भएका अर्बौं अर्बका योजनाहरु सफल हुन नसकेका नेपालमा थुप्रै उदाहरणहरु छन् ।

**हर्षल उत्पादन हर्षको घोषणा**

प्रदेश क्षेत्रफलका आधारमा कर्णाली

बाँकी ४ पृष्ठमा.....

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा विशेष अवसर जुट्नुका साथै पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ । आम्दानीका स्रोतहरू बढ्नेछन् ।

**वृष** : सुरुमा अवसर प्राप्त भए पनि परिबन्धले अप्ठ्यारोमा पार्न सक्छ । अधिकारका लागि सजग बन्नुपर्नेछ ।

**मिथुन** : प्रारम्भमा स्वास्थ्य चिन्ताले सताउन सक्छ । जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्‍याउँदा केही चुनौती आउन सक्छन् ।

**कर्कट** : प्रारम्भमा अस्वस्थताका बीच कामको बोझ बढ्नेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा केही चुनौती पनि देखिनेछन् ।

**सिंह** : प्रारम्भ खर्चिलो देखिए पनि प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । धेरै मिहिनेत परे पनि चिताएको काम बन्नेछ ।

**कन्या** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि व्यवहारमा राम्रै अवसर हात पार्न सफल भइनेछ । पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ ।

**तुला** : ईर्ष्या गर्नेहरूले अवरोध पुर्‍याउने हुँदा सुरुमा भविष्यको चिन्ताले सताउन सक्छ । आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन् ।

**वृश्चिक**: सुरुमा केही घरेलु समस्या देखिए पनि मिहिनेतले फाइदा दिलाउनेछ । अरूको बहकाउमा परिनाले काम रोकिन सक्छ ।

**धनु** : जिम्मेवारी प्राप्त भएपनि उपलब्धिका लागिसमयप्रतीक्षा गर्नुहोला । अप्ठ्यारा कामको बोझ थपिएपनि मिहिनेतले प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ ।

**मकर**: केही विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि बोलीको प्रभावले विशेष अवसर दिलाउनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ ।

**कुम्भ** : प्रारम्भमा इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ । आँटले काम लिँदा लक्ष्यमा पुगिनेछ । व्यक्तित्व निखार्ने अवसर जुट्नेछ ।

**मीन** : प्रारम्भमा व्ययभार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । खर्च लागे पनि लामो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

# प्रत्येक स्थानीय तहमा अस्पताल र आँखा उपचार

**मिसन न्युज**

**सुर्खेत –** सामाजिक विकास मन्त्रालयले कर्णाली प्रदेशको स्वास्थ्य अवस्थामा सुधार ल्याउन भौतिक पूर्वाधार विकास र दक्ष जनशक्ति उत्पादनलाई जोड दिने भएको छ । मन्त्रालयले प्रस्तावित 'प्रादेशिक स्वास्थ्य नीति-२०७५' मा जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रदेश मातहत सञ्चालन गर्नेदेखि प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गर्ने नीति अवलम्बन गर्न लागेको हो ।

प्रस्तावित नीतिमा स्थानीय सरकारसँग समन्वय गरेर प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल र आँखा उपचार केन्द्र स्थापना गरिनेछ। वीरेन्द्रनगरस्थित क्षेत्रीय अस्पताललाई स्तरवृद्धि गरी एक हजार बेड क्षमताको शिक्षण अस्पतालको रुपमा विकास गर्ने प्रदेश सरकारको लक्ष्य छ । प्रस्तावित मस्यौदामा जिल्ला अस्पताललाई आवश्यकता अनुसार स्तरोन्नति गर्दै ती सबैमा अक्सिजन प्लान्ट स्थापना गर्ने, हरेक अस्पतालमा ब्लड बैंक, प्रत्येक स्वास्थ्य चौकीमा एम्बुलेन्सको व्यवस्था मिलाउने उल्लेख छ। सामाजिक विकासमन्त्री दल रावलले प्रदेश सरकार अन्तर्गत जिल्लास्तरमा सामाजिक विकास कार्यालयले स्थापना भइसकेपछि नीति तथा कार्यक्रम कार्यान्वयनमा सहज हुने बताए। प्रदेश स्वास्थ्य नीतिको मस्यौदा तयार पारिरहेको बताउँदै उनले कर्णालीको सामाजिक, आर्थिक र भौगोलिक अवस्थाका कारण स्वास्थ्य क्षेत्रमा थुप्रै चुनौती रहेको औंल्याएउ। 'स्वास्थ्य क्षेत्रमा हालसम्म प्राप्त उपलब्धीहरू कायम राख्न, नवजात शिशु तथा मातृ मृत्युदरलाई घटाउन, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरू, सीमान्तकृत तथा जोखिममा रहेका समुदायलाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउने उनको भनाई छ। मस्यौदामा प्रदेश राजधानीमा विशेषज्ञ अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सासम्बन्धी अस्पताल, ट्रमा सेन्टर, बर्न सेन्टर, मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरिङ सेन्टर, विस्तारित सेवा सहितको जनस्वास्थ्य तथा प्रेषण प्रयोगशाला, क्षयरोग निवारण होस्टेल, बाल पोषण गृह स्थापना गर्ने उल्लेख छ। त्यस्तै, जनशक्ति विकासका लागि प्रदेशमा स्वास्थ्य प्रतिष्ठान र मेडिकल कलेज, आयुर्वेद अनुसन्धान परिषद रहनेछन्। प्रत्येक स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार पाँच वर्षभित्र क्रमागत व्यवस्था मिलाइने, स्वास्थ्य जनशक्ति उत्पादनका लागि कर्णाली प्राविधिक तथा सीप विकास परिषद् गठन, महिला स्वास्थ्य स्वयंसेविकाको ज्ञान, सीप र योग्यताको दायरा फराकिलो बनाइने, निरन्तर पाँच वर्षभन्दा बढी दुर्गममा काम गर्ने स्वास्थ्यकर्मीलाई हौसला स्वरुप छात्रवृत्तिमा एक तहमाथि निश्शुल्क पढ्ने व्यवस्था मिलाउने, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूलाई सुरक्षित गराउन सुरक्षासम्बन्धी ऐन ल्याउने तयारी छ। प्रदेशमै औषधि उत्पादनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति छ। औषधिको गुणस्तर, मुल्य नियन्त्रणका

बाँकी ८ पृष्ठमा..



कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौँ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

खानेपानी सरसफाइ तथा सब–डिभिजन कार्यालय कालीकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## इच्छाशक्ति भए सम्भव.................................

देशको सबैभन्दा ठूलो प्रदेश हो। त्यसैगरी अन्नबाली उत्पादनको क्षेत्रमा हेर्ने हो भने अन्य प्रदेशको तुलनामा कम उत्पादन हुने प्रदेश पनि यही हो। कृषियोग्य जमीन कम भए पनि ९५ प्रतिशत जनताको मुख्य पेसा कृषि मात्र भएको प्रदेश पनि यही हो। वास्तवमा कर्णाली प्रदेशका जनताका निम्ति कृषि पेसा दिन काट्ने काल पर्खिने मात्र पेशा भएको छ। कर्णाली प्रदेशको कृषि क्षेत्रमा राज्यले गरेको लगानी र कृषकले गरेको मेहनत अन्य क्षेत्रमा लगानी गर्ने हो भने यो प्रदेशका जनतालाई लगभग ५ बर्ष आरामले खान पुग्छ। कर्णालीमा सबैभन्दा कम उत्पादन हुने धान र गहुँ बाली हो। तर, किसानहरु यही बाली उत्पादन गर्न मरिहत्ते गरिराखेका छन्, किन ? के अर्को कुनै विकल्प नभएकै हो त ? वा हामी विकल्प खोज्न तयार नै छैनौं ? अब यसमा बहस हुन जरुरी छ। तत्काल कर्णाली प्रदेशका जनताको जीवनस्तर परिर्वतन गर्न र यहाँका जनतालाई आत्मनिर्भर बनाउन केन्द्र सरकारले कर्णाली प्रदेशलाई जडीबुटी उत्पादन हब घोषणा गर्नुपर्छ। यस प्रदेशमा रहेका कृषि विकास कार्यालयहरुलाई फलफूल तथा जडीबुटी विकास कार्यलयहरुमा रुपान्तरण गर्ने कानुनी व्यवस्था मिलाउन जरुरी छ। सरकारकै तहबाट कानुनीरुपमा यो प्रदेशलाई फलफूल तथा जडीबुटी उत्पादनको हब घोषणा गरी मात्र एक बर्षका लागि यो क्षेत्रमा लगानी, मुआब्जा र बजारको व्यवस्था सरकारले गर्ने हो भने यो प्रदेश नेपालका लागि मात्र होइन, विश्व समुदायकै लागि आकर्षणको प्रदेश हुनेछ। धान र गहुँ बाली उत्पादन नभएर बाँझो रहेको लाखौं लाख क्षेत्रफल जमीन एक बर्षभित्र हराभरा बनाउन सकिन्छ। सरकारको एउटा निर्णयले यो प्रदेशका जनताको सयौं बर्षको गरीबी एकै बर्षमा समृद्धिमा रुपान्तरण हुने कुरा सम्भव छ।

(शाही कालिकोटका पूर्व एमाले अध्यक्ष हुन्)

लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# स्वास्थ्य

## छारे रोगः किन लाग्छ, कसरी बच्ने ?



'भूतप्रेतका कारणले लाग्ने रोग हो- छोप्ने व्यथा, यो कहिले निको हुँदैन।' छारे रोगबारे हाम्रो समाजमा यस्तै भ्रम छ। तर, चिकित्सा विज्ञानका अनुसार यो (छारे रोग) कुनै भूतप्रेतले लाग्ने रोग नभई मानिसको मस्तिष्कमा आउने गडबडीका कारण लाग्ने गर्छ। पछिल्लो समय यस्ता रोगीको संख्या बढ्दै गएको न्युरोलोजिस्टहरू बताउँछन्। राजधानीस्थित वीर अस्पतालका न्युरोलोजिस्ट डा. सुनिल कोइराला भन्छन्, 'यो रोग पहिलेदेखि थियो, तर, पछिल्लो समय धेरै नै बढेको देखिन्छ।' उनका अनुसार वीर अस्पतालको न्युरो मेडिसिन विभागमा दैनिक १ सय ३० जनासम्म उपचारका लागि आउँछन् जसमध्ये १० देखि १५ प्रतिशतसम्म छारे रोगी हुन्छन्। सातामा दुई पटक यो सेवा हुन्छ। यस्तै महराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालको न्युरोलोजी विभागमा महिनामै सय जनासम्म छारे रोगी उपचारका लागि आउने गरेका छन्। विभागको तथ्यांकअनुसार कुल जनसंख्याको एक प्रतिशत मानिसलाई कुनै न कुनै प्रकारको छारे रोग लागेको हुन्छ। चिकित्सकका अनुसार यो रोग विभिन्न कारणले लाग्ने भए पनि पछिल्लो समय खानपानमा ख्याल नपुर्‍याउने तथा सवारी दुर्घटनामा पर्ने गरेका कारण बढेको हो। त्रिवि शिक्षण अस्पतालका न्युरोलोजी विभाग प्रमुख डा. राजेश कर्ण भन्छन्, 'नेपालीहरूमा मस्तिष्कमा टेपवर्म (नाम्ले जुका) पुग्ने र दुर्घटनाका कारण हुने छारे रोग बढी देखिन्छ।' उनका अनुसार नेपालमा छारे रोग पहिल्यैदेखि भए पनि उपचारमा आउने चलन बढेका कारण बढेको जस्तो देखिएको हो। **के हो छारे रोग ?** चिकित्सकका अनुसार मस्तिष्कका नसामा आउने गडबडीका कारण शरीरमा देखिने समस्या हो- छारे रोग। मस्तिष्कको नसामा ट्युमर पलाउँदा, मस्तिष्क सुन्निँदा तथा मस्तिष्कमा रगत जम्दा दिमागमा चाहिनेभन्दा बढी विद्युतीय तरंग उत्पन्न हुन्छ। त्यही तरंगका कारण छारे रोगका लक्षण देखिन्छन्। यो रोग लागेपछि केही मिनेट या सकेन्डका लागि बेहोस हुने, काम्ने, मुखबाट फिंज काढ्ने, वान्ता हुने, मुर्छा पर्ने, लल्याकलुलुक हुने, केही थाहा नपाउने जस्ता लक्षण देखिन्छन्।

**छारे रोगका लक्षण**

-मुर्छा पर्ने,-हातखुट्टा काम्न,-शरीर लल्याकलुलुक हुने,-आँखा पल्टाउने,-फिंज काढ्ने,-जिब्रो टोक्ने,-बेहोस हुने, लड्ने -यी मध्ये एकरदुई लक्षण मिलेमा पनि छारे रोग भएको हुन सक्छ।

**छारे रोगबाट कसरी बच्ने ?**

-उमालेको वा निर्मलीकरण गरेको शुद्ध पानी मात्र पिउने,-टाउकोमा चोटपटक लाग्न नदिने,-ज्वरो आउँदा समयमै उपचार गर्ने,-काँचा साग, सलाद, फलफूल पोटास पानीले राम्रोसँग पखालेर मात्र खाने,-ठीक समयमा सन्तुलित खाना खाने,-अनिँदो नबस्ने,-तनाव नलिने गर्ने पर्दछ।

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

महावै गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

# ठूला योजना वर्षौंदेखि अलपत्र

**मिसन न्यूज**

**मुगु –** जिल्लामा सञ्चालित ठूलो लगानीका दुई योजना अलपत्र परेका छन् । सरकारले पर्याप्त रकम नछुट्याउँदा रारा विमानस्थल र गमगढी-नाक्चेनाग्ला-तिब्बत जोड्ने सडकमा काम हुन नसकेको हो । रारा विमानस्थलको काम सुरु भएको ३५ वर्ष पुगे पनि अझै पूरा हुन सकेको छैन । गमगढी-नाक्चेनाग्ला सडकको गति पनि सुस्त छ । यो सडकमा दशकअघिबाट काम सुरु भएको थियो । विमानस्थलको टर्मिनल टावर, यात्रु जाँच पोस्ट, घेरबार, सार्वजनिक शौचालय र सुरक्षाकर्मी बस्ने भवन अझै बन्न नसकेका हुन् । काठको टहरामा उपकरण राखेर जहाज अवतरण गर्ने गरिएको छ । काठकै टहरो बनाएर सुरक्षाकर्मीले यात्रु जाँच गर्छन् । वरिपरि गतिलो घेरबार नहुँदा कुकुर र चौपाया धपाउन सुरक्षाकर्मीलाई हैरानी हुने गरेको छ । छायाँनाथ-रारा नगरपालिका ४, का वडाध्यक्ष विष्णुकुमार भामले विमानस्थलको काम 'कछुवा गति' मा भइरहेको बताएरु। ढल निकास नहुँदा थप समस्या भएको विमानस्थलका कर्मचारी बताउँछन् । चालु आवमा टर्मिनल टावरलगायत अन्य भौतिक पूर्वाधारका संरचना निर्माण गर्न १५ करोड बजेट माग गरिएको थियो । तर, स्वीकृति भएर नआएको विमानस्थल सुधार आयोजना प्रमुख प्रकाश श्रेष्ठले बताए । उनका अनुसार विमानस्थल तलमाथि रिटेनिङ वाल लगाउने काम भइरहेको छ । 'कहिले बजेट अभाव त कहिले समयमा काम नहुँदा समस्या भयो,' उनले भने, 'वर्षायाममा जहाज ग्राउन्ड गर्ने पार्किङमाथि र दक्षिण-पूर्वपट्टिको भागमा पहिरो जाँदा समस्या भएको छ ।' निर्माण सुरु भएदेखि हालसम्म २७ करोड बढी खर्च भइसकेको आयोजनाले जनाएको छ । यस्तै मुगुलाई छिमेकी जिल्ला र तिब्बत जोड्न सुरु गरिएको गमगढी-नाक्चेनाग्ला सडक पनि अलपत्र छ । सडक डिभिजन कार्यालय प्रमुख माधव अधिकारीका अनुसार यस वर्ष सडकका लागि सरकारले एक रुपैयाँ पनि विनियोजन गरेको छैन । गमगढीदेखि छाइलसम्म ठेकेदारमार्फत डोजरले सडक निर्माण गरेको छ । ८५ किमि लम्बाइको यो सडकले गति नलिँदा सडक सुविधाबाट सर्वसाधारण वञ्चित छन् । करिब १७ किमि मात्र ट्र्याक ओपन गर्दा १० करोड बजेट खर्च सडक डिभिजनले जनाएको छ । जिल्लाका २ ठूला योजनाले गति नलिँदा स्थानीयले विकासको अनुभूति गर्न नपाएको जिल्ला समन्वय समिति प्रमुख पूर्णबहादुर रोकायाले बताए । दुवै योजनाको निर्माणलाई गति दिन सरकारले पहल गरिरहेको प्रतिनिधिसभा सदस्य गोपाल बमको भनाइ छ । उनले मन्त्रीले पनि सकारात्मक जवाफ दिएकाले दुवै योजनाले यसै वर्षबाट गति लिने जानकारी दिए । कान्तिपुरबाट



मुगुको नाक्चेनाग्ला-तिब्बतखण्डको छाइल भीरमा सडक निर्माणमा जुटेको डोजर ।

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**प्रमुख प्रशासकीय अधिकृत**
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
कालिकोट

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
कालिकोट

# अन्तराष्ट्रिय न्युज

## जिम्बाब्वेका राष्ट्रपतिद्वारा सपथ

**हरारे (बिबिसी) -** जिम्बाब्वेका नव निर्वाचित राष्ट्रपति एमर्सन म्नागाग्वाले आइतबार पद तथा गोपनियताको सपथ लिएका छन् । अमेरिकी निर्वाचन पर्यवेक्षकले राष्ट्रपतीय निर्वाचनले देशको प्रजातान्त्रिक मान्यतालाई नै प्रश्न चिह्न उठाएको भनिरहेकै बेला आइतबार आयोजित सपथ कार्यक्रममा उनले जिम्बाब्वेलाई एकताबद्ध हुन आग्रह गरेका छन्। विपक्षी नेता एवं राष्ट्रपतीय पदका उम्मेदवार नेल्सन चामिसाले निर्वाचनको मत परिणामलाई अस्वीकार गरिरहेकै बेला देशको संवैधानिक अदालतले शुक्रबार म्नागाग्वाको जितलाई पुष्टि गरेको थियो। राजधानी हरारेस्थित राष्ट्रिय रंगशालामा आयोजित आइतबारको सपथ ग्रहण कार्यक्रममा हजारौं जिम्बाब्वेली नागरिक र दक्षिण अफ्रिकी नेता सिरिल रामाफोसा र रुवान्डाका नेता पल कागामेसहितका विदेशी नेता भेला भएका थिए। 'हाम्रो मातृभूमिको विकास गर्नका लागिसबैले संयुक्त रूपमा प्रतिबद्धता व्यक्त गर्न म



सबैसमक्ष आग्रह गर्दछु । फुटेरभन्दा एकताबद्ध भएर हामीले धेरै पाउन सक्छौं,' सपथ ग्रहण समारोहमा नवनिर्वाचित राष्ट्रपति म्नागाग्वाले बताए । देशको आर्थिक अवस्था सुधार्ने र विदेशी ऋण अन्त्य गर्ने निर्वाचन अभियानका बेला गरेको प्रतिबद्धतालाई दोहोऱ्याउँदै म्नागाग्वाले निर्वाचनपछि भड्किएको हिंसामा ६ सर्वसाधारणको ज्यान गएको विषयमा स्वतन्त्र न्यायिक छानबिन समिति गठन गर्ने बताए। 'देश विकास र अर्थतन्त्र सुधारका लागि हामी सबै एक हुने बेला आएको छ,' सपथ ग्रहणपछि राष्ट्रपति म्नागाग्वाले गरेको सम्बोधन उद्धृत गर्दै समाचार एजेन्सी रोयटर्सले जनाएको छ।

# ज्ञानमाला

१. निजामती कर्मचारीले प्रत्येक वर्ष कति बिरामी विदा पाउँछन् ?
-१२ दिन
२. प्रत्येक वर्ष उत्कृष्ट निजामती सेवा पुरस्कार कतिजनालाई प्रदान गरिन्छ ?
-दस जना
३. मुख्य सचिवको पदावधि कति वर्षको हुन्छ ?
-३ वर्ष
४. निजामती सेवामा 'एक वर्ष' भन्नाले कति दिन रुजु हाजिरी भएको अवधिलाई जनाउँदछ ?
-२ सय ३३ दिन
५. निजामती कर्मचारीलाई तालीम वापत कति अंक प्रदान गरिन्छ ?
-२ अंक
६. निजामती कर्मचारीले पालन गर्नुपर्ने आचारण सम्बन्धि व्यवस्था कुन परिच्छेदमा गरिएको छ ?
-परिच्छेद ७
७. कार्यसम्पादन मुल्यांकन वापत सुपरिवेक्षकले अधिकतम कति अंक दिन सक्दछ ?
२५ अंक
८. भौगोलिक क्षेत्र अनुसार निजामती सेवामा दैलेख जिल्ला कुन वर्गमा पर्दछ ?
-ख वर्ग
९. पुरुष निजामती कर्मचारीले मात्र पाउने विदा कुन हो ?
-प्रसुती स्याहार विदा
१०. श्रेणी विहिन कर्मचारीलाई कति स्तरमा विभाजन गरिएको छ ?
-५ स्तर
११. सूर्यलाई आफ्नो अक्षमा परिभ्रमण गर्न कति दिन लाग्छ ?
- ३० दिन
१२. सबैभन्दा बढी उपग्रह हुने ग्रह कुन हो ?
- बृहस्पति
१३. पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने गति कति रहेको छ ?
- ३० फरक
१४. ग्रहहरुको राजा भनेर कुन ग्रहलाई चिनिन्छ ?
- बृहस्पति
१५. जङग बहादुर राणाको देहावसान कुन जिल्लामा भएको हो ?
- सर्लाही

रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसाबारीको स्थापना गरौं।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट

सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# छाउँ भएपछि विद्यालय जाँदैनन् किशोरी

**मिसन न्यूज**

**सुर्खेत-** धार्मिक अन्धविश्वास र छात्रामैत्री वातावरण नहुँदा कर्णालीका अधिकांश किशोरीले रजश्वला (छाउ) भएपछि विद्यालय छाड्ने गरेका छन् । रजश्वला भएको बेलामा कसैलाई पनि छुन नहुने र सार्वजनिक स्थलमा जाँदा अनर्थ हुने गलत मान्यताका कारण किशोरीले बीचमै विद्यालय छाड्ने गरेका हुन् । कर्णाली प्रदेशमा रजश्वला भएपछि २८ प्रतिशत किशोरी विद्यालय नफर्केको एक अध्ययनले देखाएको छ ।



रजश्वला भएपछि छाउगोठमा बसेकी एक दैलेखको चामुण्डाविन्द्रासैनीस्थित लैनचौरकी किशोरी

अन्धविश्वासकै कारण अहिले पनि रजश्वलाको समयमा अधिकांश महिला तथा किशोरीलाई छाउगोठमा राख्ने गरिन्छ । रजश्वला भएको बेलामा घरभित्र बस्दा, सार्वजनिक समारोहमा जाँदा देउता रिसाउने गलत मान्यताका कारण यहाँका महिला तथा किशोरी पीडित छन् । गलत मान्यताकै कारण २८ प्रतिशत किशोरी रजश्वला भएपछि विद्यालय छाड्न बाध्य छन् । कर्णालीका कालिकोट, जुम्ला र मुगुमा हालै गरिएको अध्ययनपछि यस्तो तथ्यांक बाहिर आएको हो । अध्ययन अनुसार हाल यहाँका ७७ प्रतिशत किशोरी रजश्वला भएको बेला छाउगोठमा बस्ने गरेका छन् । अनुसन्धानमा संलग्न अधिवक्ता वसन्त अधिकारीले भने, 'छाउपडी धर्मसँग जोडिएको छ । अन्धविश्वासका कारण महिनावारी हुँदा किशोरीहरू स्कुल जाँदैनन् ।' कर्णालीमा छाउपडीको कुप्रथाबारे संयुक्त रुपमा अध्ययन गरिएको प्रतिवेदन वीरेन्द्रनगर मा सार्वजनिक गरिएको हो । अध्ययन अनुसार ४८ प्रतिशत महिला तथा किशोरी रजश्वला भएका बेला सामाजिक समारोहमा जाँदैनन् । ७७ प्रतिशत घरभित्र पस्दैनन् भने ९१ प्रतिशत महिला तथा किशोरी महिनावारी हुँदा भान्सामा पस्दैनन् । रजश्वला हुँदा आराम र पोषिलो खानुपर्ने भए पनि ८५ प्रतिशत महिला तथा किशोरीले दुध र दुधजन्य पदार्थ छुँदैनन् । छाउ बार्ने प्रचलनकै कारण महिला तथा किशोरीमा शारीरिक तथा मानसिक रूपमा पीडित बनेका छन् । हालै लागू भएको मुलुकी अपराध संहितामा महिलालाई छाउगोठमा राखेर वा नराखेर भेदभाव गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार जरिवाना हुने तथा दुवै सजाय हुने व्यवस्था गरिएको छ । कर्णालीमा छाउपडी उन्मुलनको क्षेत्रमा काम गरिरहेको एक्सन वर्क्सले किशोरीहरू शिक्षा प्राप्त गर्ने अधिकारबाटसमेत बञ्चित भइरहेको जनाएको छ ।

'कानुन कार्यान्वयनमा कडाइ हुनुपर्छ, स्थानीय सरकारले विषेश ध्यान दिन जरुरी छ', जिल्ला समन्वय समिति जुम्लाका संयोजक लालबहादुर सार्कीले भने, 'रजश्वला नियमित प्रक्रिया हो, तर महिला र किशोरीहरू गोठमा सुताइन्छ । यसले समाजको विकासमा नै बाधा पुगेको छ, अब छाउ बार्नेलाई स्थानीय तहले सरकारी सुविधा रोक्नु पर्छ ।' जिल्ला समन्वय समिति कालिकोटका संयोजक अनिपाल शाहीले अन्धविश्वास तोड्न सकेमात्र महिला र किशोरीलाई छाउगोठबाट मुक्त गर्न सकिने बताए ।


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकोको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## मोल्फामा भीषण .................................

ठूलै पहिरो आएको थियो । त्यसपछि कुनै वर्ष आएन। सोमबार बिहान करिब दुई बजेतिर एक्कासि पहिरो आयो ।' उनले यस वर्ष पहिरो निरन्तर बग्दै गाउँसम्म आएकाले निकै जोखिम बढेको बताए । उनले भने, न वर्षा रोकिएको छ न पहिरो।' उनले गाँउमा बस्न सकिने अवस्था नरहेको बताए । कालिकोट प्रदेशसभा ख बाट निर्वाचित सांसद कर्मराज शाही, प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्की, जिल्ला प्रहरी प्रमुख डीएसपी विनोद शर्मा, नेपाल रेडक्रस सोसाइटी कालिकोटका सभापति बलप्रसाद संज्याललगायतको टोलीले पहिरो प्रभावित क्षेत्रको अनुगमन गरेको छ । प्रमुख जिल्ला अधिकारी कार्कीले पहिरोको निरीक्षण गरेपछि जोखिममा रहेका सबै स्थानीयलाई नजिकै रहेको विद्यालयमा सार्न लगाइएको बताए । उनले पानीको मुहानसहित पहिरो बगिरहेकाले पानीको मुहानलाई पहिरोमा बग्न नदिन ७ सय मिटर पाइपसमेत पठाइएको बताए। उनले भने, 'ठाउँहरू निकै जोखिममा छन्। सुरक्षित ठाउँमा सार्न वडाध्यक्षसहित प्रहरीको टोली पहिरो स्थलमै रहेको छ । जिल्लाबाट केही त्रिपाल, लत्ताकपडा र पाल पठाउने तयारी गरिएको छ ।' जिल्ला प्रहरी प्रमुख डीएसपी शर्माले पहिरो पन्छाउन डोजर लगाइए पनि धेरै ठाउँमा पहिरो खसेकाले भोलिसम्म राजमार्ग सञ्चालनमा आउने सम्भावना रहेको बताए । कर्णाली राजमार्ग पहिरोका कारण बाइकसमेत छिर्न नसक्ने भएपछि मुगु, जुम्लादेखि सुर्खेत नेपालगन्ज र नेपालगन्ज-सुर्खेतदेखि कालिकोट, जुम्ला मुगुका लागि छुटेका सवारीसाधन र यात्रु बीच बाटोमै अलपत्र परेका छन् । एक महिनादेखि आएको अविरल वर्षासँगै मोल्फामा आएको पहिरोले घोडेना र मोफा बजारका गरी एक सय ७ घर उच्च जोखिममा परेका हुन् । अन्नपुर्णबाट

## प्रत्येक स्थानीय तहमा.................................

लागि अनुगमन र नियमन गरिनेछ । स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्ने उद्देश्यले कर्णाली स्वास्थ्य अनुसन्धान परिषद गठन गरिने, राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गर्ने, दुर्गम क्षेत्रबाट आकस्मिक अवस्थामा सुत्केरी र सवारी दुर्घटनाका बिरामीलाई तत्काल हवाई उद्धार गर्ने प्रस्तावित नीतिमा उल्लेख छ ।

## स्वर्गको एक टुक्रा त्रिवेणी .................

जडिबुटि पनि पाइन्छ। अपार पर्यटकीय सम्भावनासहितको त्रिवेणी पाटनको विकासमा सरकारको ध्यान भने पुगेको छैन। सिजनअनुसार मात्र पर्यटक पुग्ने हुनाले यो क्षेत्रमा बास र खानपिनको प्रबन्ध छैन। पछिल्लो समय मध्य तथा सुदूरपश्चिमका व्यवसायीहरूले यहाँको विकासका लागि व्यक्तिगत र संस्थागत प्रयास थालेको उद्योग बाणिज्य संघ कालिकोट महासचिव तिलबहादुर शाहीले बताए। त्रिवेणी जाने चलनचल्तीको बाटो कालिकोटको सदरमुकाम मान्म हुँदै मुम्रा भएर जान्छ । विमान वा बसबाट बाजुरा,लगाएतका अन्य जिल्ला भएर पनि जान सकिन्छ। मान्मबाट बिहानै पैदल हिंड्दा एक दिनमा साविकको मुम्रा गाविस हाल सान्नी त्रिवेणी गाउँपालिका-९ को मालिक वन पुगिन्छ । त्यस्तै दोस्रो दिनमा त्रिवेणी पुगिन्छ। मालिक वन देखि बिहानीको शीतलमा ठाडो उकालो काटी बिचबिचमा पानी र खानपिन गरेर मध्य दिउसो तिर त्रिवेणी पुगिन्छ। असोजमा त्रिवेणी पुग्नेहरूले पाटनहरूमा बादल तथा कुहिरो नलाग्ने र मौसम सफा रहने भएकाले रहर मज्जाले पूरा गर्न सक्छन् । बडिमालिकामा जनैपूर्णिमाका वेला धुमधामसँग धार्मिक मेला लाग्ने भएकाले त्रिवेणी भएर भक्तालु जाने गर्दछन । जनैपूर्णिमामा भारतको कुमाउ गढवालदेखिका त्रिवेणी आउँने गरेका पुजारी कृष्णप्रसाद धमालाले बताए । उनले भने 'त्रिवेणी हुँदै बडिमालिका जाने हजारौं तीर्थालु हुन्छन्।' त्रिवेणीमा नुहाएर बडिमालिका दर्शन गरे मनले चिताएको पूरा हुन्छ । रोगव्याध नाश हुन्छ र पदोन्नति हुने विश्वास छ। शुद्ध मनले दर्शन गरे मनोकांक्षा पूरा हुन्छ। त्यसैले सुस्वास्थ्य, धनलाभ र सुयोग्य वरबधुको कामना गर्दै पूजा गरिन्छ पुजारी धमालाले सुनाए। त्रिवेणीमा दुइटा खोला छन्, गंगा र जमुना । जहाँ नुहाउँदा रोग र पाप पखालिन्छ भन्ने धार्मिक विश्वास छ। त्रिवेणीमा अस्तु विसर्जन गर्दा पितृ स्वर्गमा पुग्छन् भन्ने पनि विश्वास छ।

## कर्णालीमा प्रहरीका.............................

दंगा नियन्त्रण प्रहरी गण र भेरी अञ्चल प्रहरी कार्यालय संघीय प्रहरी इकाईमा रूपान्तरण भएर स्थापना हुने क्रममा छन् । इकाईले केन्द्रीय निर्देशनको परिपालना र प्रदेश मातहतका कार्यालयमा आवश्यक दक्ष प्राविधिक जनशक्ति खटाउने भूमिका निर्वाह गर्नेछ। आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहतमा रहने प्रादेशिक प्रहरी कार्यालयले भविष्यमा कुनै ठूला घटना भएमा त्यसको अनुसन्धान गर्न आवश्यक जनशक्ति पठाएर समन्वय गर्नेछ । मन्त्रालयले पनि प्रदेश प्रहरीलाई व्यवस्थित र प्रभावकारी बनाउन बजेट विनियोजन गरिसकेको छ। वीरेन्द्रनगरमा प्रहरीको नयाँ कार्यालय कुकुर शाखा र नेपालगन्जबाट स्थानान्तरण हुने ब्यान्ड गुल्म पनि स्थापना हुनेछ । एसएसपी आचार्यले संघीय संरचनाबमोजिम प्रदेशस्तरमा प्रहरीलाई आवश्यक पर्ने संरचनाहरू क्रमिक रूपमा स्थापना हुन लागेको बताए । 'सबै संरचना स्थापना हुन कम्तीमा दुई वर्ष लाग्न सक्छ,' उनले भने, 'सात वटै कार्यालयका लागि आवश्यक पर्ने जग्गाको टुंगो लाग्दै छ।' प्रहरी प्रधान कार्यालयले प्रदेश प्रहरीलाई थप कार्यालयहरू राख्न उपयुक्त स्थान छनोट गर्न पत्राचार गरेको थियो। यसअघि जुम्लामा रहेको कर्णाली अञ्चल प्रहरी कार्यालयलाई मर्ज गरेर सोही ठाउँमा विपद् व्यवस्थापन कार्यदल राखिएको छ । ५० जना प्रहरीसहितको कार्यदलको नेतृत्व प्रहरी निरीक्षकले गर्नेछन्। तीन जिल्लामा थप 'क' वर्गका नयाँ इलाका प्रहरी कार्यालयहरू स्थापना गरिएको छन्। सुर्खेतको लेकबेंसी नगरपालिका, कालीकोटको पाँचलझरना गाउँपालिका र सल्यानको दार्मामा इलाका प्रहरी कार्यालय स्थापना गरिएको हो।



## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्रीउत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. – ०८७-४४०२४२,** ९८४८०४९४५५,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **मुद्रणः ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट**